बेलबारी नगरपालिकाको आ.व. २०७४/०७५ को लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको प्रथम नगरसभा अधिबेशनमा नगर उप-प्रमुख श्री ढाका कुमारी पराजुलीबाट पेश गरिएको

नीति तथा कार्यक्रम

**नगरसभा अधिवेशनका अध्यक्षज्यु,**

**नगरसभा अधिवेशनका सदस्यज्यूहरू,**

१. स्थानीय तहको निर्वाचन २०७४ मा उत्साहवर्द्धक ढंगले सहभागी भई शान्तिपूर्वक निर्वाचन सम्पन्न गराउन सहयोग गर्नु हुने राजनैतिक पार्टी, मतदाता, स्थानीय प्रशासन, सुरक्षाकर्मी, निर्वाचनमा खटिने राष्ट्रसेवक कर्मचारी, निर्वाचन सम्पन्न गराउन सहयोग पुयाउने संघ संस्थाहरु, संचार पत्रकार लगायत सम्बद्ध सबै पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२. नेपालमा सघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विविन्न काल खण्डका आन्दोलनका क्रममा नेपाल र नेपाली जनताको मूक्तिका लागि आफ्नो ज्यान उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रधान्जली अर्पण गर्दछु साथै आन्दोलनका क्रममा घाइते हुनु भएका घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. स्थानीय तहको निर्वाचनमा हामिलाई मतदान गरी निर्वाचित गराउनु हुने सम्पुर्ण मतदाताहरु प्रति हार्दिक आभार प्रकट गर्दै नगर सभा अधिवेशनबाट धन्यवाद ज्ञापन गर्दछु ।

४. आर्थिक वर्ष २०७४/७५ को नगर विकासको बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको अनुसूची ८ मा गरेको व्यवस्था, स्थानिय सरकार सचालन ऐन २०७४ र नेपाल सरकारबाट प्राप्त स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयास गरिएको छ । चालु त्रिवर्षिय योजना दीगो विकासका लक्ष्य नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन लाई आधार मानी नगर विकास योजना तयार गरिएको छ । नगर विकास योजना तर्जुमा गर्ने क्रममा नगरमा क्रियाशिल राजनैतिक पार्टी, विषयगत क्षेत्रहरु, गैर सरकारी संस्था, नागरिक समाज, बुद्धिजिवी तथा वडाबाट प्राप्त सुझावलाई आधारको रुपमा लिईएको छ ।

**सभाका अध्यक्ष ज्यू**

**एवम् नगरसभा सदस्यज्यूहरु**

अब म नगरपालिकाको परियच, विकासका सम्भावना र चुनौतीहरुको वारेमा संक्षिप्त चर्चा गर्ने अनुमति चाहन्छु ।

बेलबारी नगरपालिका मोरङ जिल्लाको उत्तरपूर्व पूर्वपश्चिम लोकमार्गसँगै उत्तर दक्षिण फैलिएर मध्य भागमा अवस्थित छ । यो नगरपालिका २०७१ साल बैसाखमा साबिक बेलबारी र कसेनी गाउँ

विकास समिति मिलाएर गठन गरीएको भएतापनि स्थानिय तहको पूर्नसंरचना पश्चात् पुनः २०७३ साल फाल्गुन २७ गते साबिक डाँगीहाट र बाहुनी गाउँ विकास समिति समेतलाई मिलाएर ११ वटा वडाहरुमा विभाजन गरि गठन भएको छ । कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगर पूर्वमा लेटाङ. नगरपालिका र कानेपोखरी गाउँपालिका, पश्चिममा सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका उत्तरमा केरावारी गाउँपालिका र लेटाङ.नगरपालिका दक्षिणमा रंगेली नगरपालिका पर्दछन्

वि.सं. २०६८ को जनगणना अनुसार यहाँको कुल जनसंख्या ६५ हजार ८ सय ९२ रहेको छ । कुल जनसंख्याको ५७.१३ प्रतिशत आदीवासी जनजाती, ३२.२३ प्रतिशत ब्राम्हण क्षेत्री, ७.८१ प्रतिशत दलित, २.८३ प्रतिशत मधेशी तथा पिछडावर्गको जनसंख्या रहेको छ भने जनसंख्या बृद्धिदर २.५४ प्रतिशत रहेको छ । नगरको कुल जनसंख्याको ७४.१७ प्रतिशत जनसंख्या साक्षर रहेको जसमध्ये महिला साक्षरता ६६.६६ प्रतिशत र पूरुष साक्षरता ८३.२२ प्रतिशत रहेको छ । हाल यस नगरको जनसंख्या करिव ७५ हजार ५ सय ९५ पुगेको अनुमान गरिएको छ ।

विविध कला, साहित्य, संस्कृति र धर्मालम्बीहरुको बसोबास रहेको यो नगर क्षेत्रमा ऐतिहासिक महत्वको धनपालगढी, प्राकृतिक र पर्यावरणीय रुपमा मनोरम स्थल बेतना सिमसार क्षेत्र, झलझली सिमसार, पेट्रोल खानी, रमितेडाँडा लगायत अन्य सिमसार क्षेत्रसमेत रहेको यो नगर पर्यटन प्रर्बद्धन गर्न सके समृद्धिमा ठुलो टेवा पुग्ने सम्भावना रहेको छ ।

नगरको पूर्वमा चिसाङ र पश्चिममा लोहन्द्रा खोलबाट हुने नदि कटान, बाढी पहिरोको प्रकोप यस नगरको ठूलो समस्या रहेको छ । कृषि उत्पादनको लागि प्रशस्त खेतीयोग्य जमिन भएपनि प्रयाप्त सिंचाई सुविधा पुऱ्याउन सकिएको छैन । पशुपालनको लागि समेत नगर क्षेत्र उपयुक्त भौगोलिक बनावट र अनुकुल वातावरण भएतापनि पशुपालन व्यवसायलाई व्यवसायिकरण गर्न सकिएको छैन । स्वास्थ्य नै जिवन भएकोले सबैको लागि स्वास्थ्य कार्यक्रम संचालन गर्न आवश्यक्ता रहेको छ । स्थानीय श्रोत र साधनहरु उपलब्ध भएर पनि साना तथा घरेलु उद्योग संचालन गर्न आवश्यक वातावरण बनाउन सकिएको छैन । विविध भाषा, कला, संस्कृती र विभिन्न जातजातीका मानिसहरुको बसोवास भएको यो नगरमा सबैको क्षेत्रको विकासलाई एकसाथ लैजानु आजको आवश्यकता रहेको छ । खेलकुदको माध्यमबाट युवा जनशक्ति लाई विकासको मूल प्रवाहमा लैजानु हाम्रो साझा जिम्मेवारी बनेको छ । गुणस्तरीय शिक्षा प्राप्तीको निम्ति नगरस्तरमा भएका सामुदायिक विद्यालय, संस्थागत विद्यालय र क्याम्पस समेतमा अनुभवी, तालिमप्राप्त र दक्ष शिक्षकको लागि समयानुकुल तालिम उपलब्ध गराउनुको साथै व्यवस्थापकिय पक्षलाई सुदृढ गराउन नियमित नियमनको आवश्यकता छ । हाल नगर क्षेत्रमा रहेका भौतिक पुवार्धारहरुको मर्मत संम्हार, स्तर उन्नती गर्दै थप पूर्वाधार विकासमा श्रोत र साधन उपलब्ध गराई गुणस्तरीय पूर्वाधार निर्माण गर्नु हाम्रो सामु निकै ठुलो चुनौती रहेको छ । समग्र नगरको विकासको लागी आवश्यक र सक्षम जनशक्ति व्यवस्थापन, परिचालनको विषय पनि भर्खरै संघीयतामा प्रवेश गरी स्थानीय तहको संचालनको अभ्यासमा रहि रहदाँ केही असजिलोपन महशुस भैरहेको छ ।

**सभाका अध्यक्ष ज्यू**

**एवम् नगरसभा सदस्यज्यूहरु**

अव म चालु आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम संचालनका लागि नगरले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु ।

## १. शिक्षा तथा खेलकुद

१) नगरक्षेत्र भित्रका सामुदायिक वियालयहरुलाई अभिभावक र विद्यार्थीको आकर्षणको केन्द्रको रुपमा विकास गर्न, शिक्षाको गुणस्तर सुधारका लागि अंग्रेजी माध्यमबाट शिक्षा दिने साथै विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाइने नीति लिइनेछ ।

२) नगरभित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरुको वर्गिकरण गरि मापदण्ड नपुगेका र उत्तीर्ण प्रतिशत कम भएका विद्यालयहरुलाई विशेष नियमन गरि गुणस्तरीय शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ ।

३) नगर क्षेत्रका विद्यालयहरुमा आधारभूत तहसम्म मातृभाषामा शिक्षा प्रदान गर्न क्रमागत रूपमा आवश्यक व्यवस्था गर्दै लगिनेछ ।

४) सामुदायिक विद्यालयमा अध्ययनरत उत्पीडित, असह्राय, सिमान्तकृत, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहेन्दार बिद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने नीति लिइनेछ ।

५) अपाङ्गमैत्री शिक्षा र खेलकुदका लागि आवश्यक पुर्वाधार विकास गर्दै शैक्षिक क्षेत्रमा गुणस्तरीय खेलकूद क्रियाकलापहरु संचालनमा ल्याईनेछ ।

६) सामुदायिक विद्यालयका आधारभूत विद्यालय र माध्यमिक विद्यालयमा अध्यापन गराउने विषयगत उत्कृष्ट शिक्षकहरुलाई र नगर क्षेत्रभित्रका आधारभूत विद्यालय र माध्यमिक विद्यालय मध्ये उत्कृष्ट विद्यालयहरुलाई शैक्षिक क्षेत्रको प्रभावकारी गुणस्तर प्राप्तिको निम्ति पुरस्कृत गरिनेछ ।

७) प्रत्येक वर्ष विभिन्न विधाका नगरस्तरीय खेलकुद प्रतियोगिता र महोत्सव संचालन गरि उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।

८) विद्यालहरुमा बालबालिकाहरुको सहभागिता र विकास सम्बन्धि अधिकारको सुनिश्चितता गर्दै बालबालिका प्रति हुने हिंसा, दुर्व्यवहारलाई निरुत्साहित एवं निषेध गर्न विभिन्न प्रर्वद्धधनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

९)	सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्न व्यवहारिक तालिमहरु संचालन गरिनेछ साथै विद्यालय अनुगमन प्रणालीको प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ ।

१०)	विद्यालय नियमनलाई सहयोग पुऱ्याउने उद्देश्यले सबै सामुदायिक विद्यालयहरुमा चालु आर्थिक वर्षमा नै विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।

११)	नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्नको लागी कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

१२)	विद्यार्थी भर्ना दरलाई सतप्रतिशत पुऱ्याउन र विद्ययालय नियमितता कायम गर्नका लागि नगरपालिका क्षेत्रभित्रका बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालीकाहरुका लागि बालबिकास केन्द्रहरुलाई बालबालिकाको संख्याको आधारमा बालबालिका पोषण तथा खाजा भत्ता उपलब्ध गराइनेछ ।

१३)	नगर क्षेत्रभित्र नै उच्च शिक्षा प्राप्तिको निमित्त क्याम्पसको भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिई चालु आर्थिक वर्ष बाट नै बेलबारी बहुमुखी क्याम्पसको भवन निर्माण प्रारम्भ गरिनेछ ।

१४)	भौतिक रुपमा प्राविधिक शिक्षा संचालन गर्न सक्षम विद्यालयहरुमा प्राविधिक शिक्षा संचालनका लागी प्रर्वद्धन गर्दै अनुमति प्रदानको लागी कार्य गरिनेछ ।

१५)	विद्यालयमा खेल मैदानहरुलाई विस्तार गर्दै पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

१६)	शौक्षिक गुणस्तर कायम गर्न अतिरिक्त क्रियाकलाप बढवा दिन शैक्षिक महोत्सव गरिनेछ ।

१७)	सभ्य, स्वावलम्बी, सुसंस्कृत, क्षमतावान, योग्य र दक्ष नागरिक उत्पादनका लागि किशोर किशोरी शिक्षा लागु गरिनेछ ।

१८)	विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य र साँस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्यक्रम गरिनेछ ।

१९)	विभिन्न जातजातिहरुको मौलिक संस्कृतिको संरक्षण गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

२०)	संस्थागत विद्यालयहरुबाट गरिब असाह्य तथा जेहेन्दर विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृतिको व्यवस्थालाई संस्थागत विद्यालयहरुसँग समन्वय गरी सुनिश्चित गराईनेछ ।

## २. जनस्वास्थ्य

१.	सरुवा रोग नियन्त्रण गर्नको लागि नगरस्तरीय वा विभिन्न उपभोक्ता समितिबाट आवधिक रुपमा पानी परिक्षण विधीलाई व्यवस्थित गर्दै कार्यान्वयन गरिनेछ ।

२. नगरपालिका क्षेत्रका निजि स्तरका खानेपानी उत्पादन र प्रसोधन गर्ने सबै केन्द्रहरुलाई स्वच्छ, सफा र गुणस्तरीय पानी वितरण गर्नको लागि नियमित पानी परिक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ ।

३. जनमानसमा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृदिको लागि जनचेतना मुलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सचालन गरिनेछ ।

४. सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

५. उपचारको क्रममा नगरपालिका भित्रका अशक्त, बिरामी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिइनेछ ।

६. नगरपालिका क्षेत्रभित्र असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था नगरपालिकाले नै गर्ने व्यवस्था मिलाइनेछ ।

७. बेलबारी नगरपालिका पूर्ण खोप सुनिश्चित नगर घोषणा भई सकेको छ । पूर्ण खोप सुनिश्चित नगर निरन्तरताका लागि आवश्यक प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

८. नगरपालिका र नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट निशुल्क प्राप्त हुने औषधीहरु सम्बन्धित स्वास्थ्य संस्थाहरु मार्फत सर्वसाधारणलाई सहज तवरबाट उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

९. बाल तथा मातृ शिशु सुरक्षा कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट प्राप्त भएको योगदानको उच्च सम्मान गर्दै महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरि परिचालन गरिनेछ र निजहरुलाई प्रोत्साहनको लागि नेपाल सरकारबाट प्राप्त हुने रु १ हजारको अतिरिक्त नगरपालिबाट रु. २ हजार थप गरि मासिक रु ३ हजार भत्ता उपलब्ध गराउनुका साथै निवृत्त हुदाँ आर्थिक सुविधा सहित बिदाई गरिनेछ ।

१०. आर्युर्बेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु तहमा नै सामान्य प्राथमिक उपचारको लागि सक्षम गराइनेछ ।

११. विपन्न वर्गका गर्भवती महिलाहरुलाई पोषण कार्यक्रम उपलब्ध गराइनेछ ।

## ३. सामाजिक विकास

१. सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, अपाङगता भएका व्यक्तिहरु, एकल महिला, दलित जेष्ठ नागरिक, दलित बाल पोषण भत्तालाई सहज ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२. सामाजिक सुरक्षाको लागि क्षेत्रहरु पहिचान गरी आवश्यक बजेट छुट्याई परिचालन गरिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता नेपाल सरकारको नीति अनुरुप बैक मार्फत वितरणलाई सहज र सुलभ बनाइ वितरणको व्यवस्था मिलाइनेछ । यसको लागि बैकहरुसँग आवश्यक समन्वय गरिनेछ साथै

पूर्ण अपाङगता भएको व्यक्ति, अशक्त जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षाको भत्ता नागरिकको हात-हातमै पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

४. सामाजिक परिचालनको माध्यमबाट सामाजिक सचेतना बढाउदै नागरिकहरुलाई विकासमा आबद्ध गराइनेछ । टोल विकास संस्थाहरुको गठन गरि सामाजिक न्याय, उत्पादन तथा आयआर्जन विकास र वातावरणमैत्री टोल विकास बनाउने कार्यमा  सहभागी गराइनेछ  ।

५. टोल विकास संस्थाहरुलाई योजना छनौट, उपभोक्ता समितिको निर्माण, स्थानीय स्तरमा संचालित योजनाहरुको अनुगमन समेतमा सहभागी गराईने नीति लिइनेछ ।

६. टोल विकास संस्थाहरुको गठन र परिचालनमा प्रभावकारी बनाउदै आफ्नो टोल वा बस्तीको विकासमा स्वःस्फूर्त रुपमा अग्रसर गराउन सामुदायिक विकास अभियानको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र भएका सुकुम्बासीहरुको तथ्याङक संकलन गरी वास्तविक सुकुम्बासी यकिन गरि  वसोवासको व्यवस्था गर्दै लगिनेछ ।

८. बालश्रम र बाल श्रोषणलाई निरुत्साहित गरिनेछ ।

९. महिला माथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न जनचेतनाको साथै आर्यमूलक, सीपमलक, उत्पादनमूलक कार्यक्रमहरु संचालन गर्दै क्षमता र सीपको समेत विकास गर्दै लगिनेछ ।

१०. जातिय भेदभाव विरुद्धका अभियानहरु संचालन गरिनेछ ।

१२. जेष्ठ नागरिकहरुको अनुभव, सीप र क्षमताको उपयोग गर्दै व्यवहारिक रुपमा लागु गर्दै लगिनेछ ।

## ४. <u>कृषि, पशु र वन</u>

१. निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिकरण गर्नका लागि उन्नत विउ विजन, मलखादको व्यवस्था गर्ने नीति लिइनेछ ।

२. कृषियोग्य जमिनको खण्डिकरणलाई निरुत्साहित गर्न सहकारीमा आधारित खेती प्रणालीलाई प्रश्रय दिइनेछ ।

३. नगरपालिका क्षेत्रभित्र रहेको खेतीयोग्य जमिनको तथ्याङकलाई अध्यावधिक गर्दै सामुहिक खेति प्रणाली गरी कृषि उत्पादन बृद्धि गर्ने कृषकहरुलाई पुरस्कृत गरिने नीति लिइनेछ ।

४. एक वडा एक उत्पादनको नीति लिइनेछ । यसको लागि सम्बद्ध पक्षहरुसँग छलफल र सम्भाव्यता अध्ययन गरिनेछ ।

५. कृषीयोग्य जमिनमा सिंचाईको उचित प्रबन्ध गदै लगिनेछ ।

६. भू-उपयोग नीति अनुरुप जग्गाको उपयोगलाई सुनिश्चित गरिनेछ।

७. सबै प्रकारका कृषिजन्य व्यापार ब्यवासयमा उपभोक्ता हित संरक्षणको नीति लागु गरिनेछ।

८. कृषि, पशु सेवा क्षेत्रको विकासका लागि क्षमता शिप र शसक्तिकरणमा जोड दिदै सीपमूलक तालिम तथा आय आर्जनको कार्यक्रम संचालन गर्दै लगिनेछ ।

९. स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्ने वातावरण सिर्जना गर्न कृषकहरुलाई अनुदान प्रदान गर्नुको साथै उन्नत विउ विजन वितरण गरिनेछ।

१०. कृषि तथा पशु उत्पादनबाट कृषकहरु लाभान्वित गराउनको लागि स्थानीय हाट बजारको व्यवस्थापन तथा बजारीकरणलाई प्रोत्साहित गरिनेछ।

११. कृषिजन्य विषादी नियन्त्रणका लागि अभियानमुलक कार्यक्रमहरु संचालन गरिनेछ।

१२. कृषि तथा पशुजन्य रोगहरुको खोज तथा पहिचान गरि त्यसको न्यूनीकरण एवं् रोकथाम गर्न आवश्यक कार्यहरु गरिनेछ।

१३. प्रङगारिक खेती प्रणालीलाई बढवा दिई अर्गानिक गाउँ टोल घोषणामा जोड दिइनेछ।

१४. सहकारीहरुको कुल बचतको निश्चित प्रतिशत रकम कृषिजन्य कार्यमा लगानी गर्न सहकारीहरुलाई प्रोत्साहित गरिनेछ ।

१५. कृषि क्षेत्रको विकासको निम्ति कृषिमा यान्त्रिकरण गर्न कृषकहरुलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

१६. कृषि व्यवसायलाई व्यावसायीकरण गर्न माटो परिक्षण गरि खेती गर्ने व्यवस्थालाई प्राथमिकता दिइने छ।

१७. उत्पादित कृषि वस्तुको भण्डारणको लागि शित भण्डार निर्माणको लागि प्रोत्साहित गरिनेछ।

१८. निर्वाहमुखी परम्परागत पशुपालनलाई निरुत्साहित गर्दै उन्नत पशुपालनको व्यवस्था मिलाई औद्योगीकरण, व्यवसायिकरण, बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ।

१९. दुध, अण्डा, माछा, मासुमा नगरबासीलाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ।

२०. स्वस्थ मासुको लागि आधुनिक बधशाला निर्माण गरिने तर्फ सम्भाव्यता अध्ययन गरिनेछ।

२१. गाई, भैसी, बाखा, बंगुरको कृत्रिम गर्भधानद्वारा नश्ल सुधार गर्ने नीति अबलम्बन गरिनेछ ।

२२. पशुपन्छीको लागि प्राथमिक उपचारको लागि औषधि वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाउने नीति लिइनेछ ।

२३. सामुदायिक वन क्षेत्रमा पनि वैज्ञानिक वन विकास सम्बन्धि नीति लागू गर्न प्रोत्साहित गरिनेछ।

२४. सामुदायिक वनलाई प्रभावकारी बनाउन अनुगमनलाई नियमित बनाउने नीति लिइनेछ।

२५. जडिबुटी उत्पादनमा जनचेतना अभिबृद्धि गरिनेछ।

२६. सडक क्षेत्र, सार्वजनिक स्थल, नदिकिनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरि हरियाली प्रवर्द्धनमा जोड दिइनेछ।

२७. बेलबारीलाई हरित नगरीको निमित्त नर्सरी स्थापन गरि वृक्षारोपण कार्यलाई बढवा दिइनेछ। यसको लागी निजी स्तरमा पनि नर्सरी स्थानाको लागि प्रेरित गरिनेछ।

२८. नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी भैरहेको पोखरी, तालहरुमा माछा पालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरु परिचालन गरी मछ्य पालनलाई बढवा दिइनेछ।

२९. सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय वन विकासमा लगानी र स्थानीय स्तरको विकासको लागी प्रेरित गरिनेछ।

३०. सामुदायिक वन व्यवस्थापनको नियमनलाई प्रभाककारी बनाईने छ।

## ५. <u>विपद व्यवस्थापन</u>

१. विपद्को पहिचान गर्न र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ।

२. सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाँउमा बाध, तटवन्ध, पुल तथा निकासहरुको उचित व्यवस्थापन गरिनेछ।

३. जोखिमयुक्त निर्माण कार्यहरुको नियमनको लागि उचित व्यवस्था गरिनेछ।

४. जोखिमयुक्त खाली ठाँउहरुमा वृक्षारोपण गरि लगायत अन्य पूवार्धार निर्माण गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ।

५. विपद् उद्धारको लागि नगर तथा वडा स्तरीय प्रतिनिधि, कर्मचारी, सामुदायिक संघसंस्था र स्थानीय स्तरमा स्वंमसेवी यूवादस्ता तयार गरी परिचालन गरिनेछ।

६. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनीकहरुमा आपतकालीन स्वास्थ्य सेवाको लागि औषधि उपचारको व्यवस्था मिलाइनेछ।

७. विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहात र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको पहिचान गरिनेछ।

८. प्राकृतिक प्रकोप एवं बिपद् व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

९. नगरपालिका क्षेत्र भएर वहाव हुने लोहन्द्रा, चिसाङ, सिसौली नदि नियन्त्रणको लागि सघन रुपमा नदि नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१०. बिपद् व्यवस्थापन सम्बन्धि काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई सहकार्यको लागी प्रेरित गरिनेछ ।

११. आईपर्ने विपद्को सामनाको लागि नगरपालिकाले आवश्यक बन्दोवस्तीका सामानको व्यवस्था गर्नेछ ।

## ६. खानेपानी तथा सिंचाईको व्यवस्थापन

१. नगरवासीलाइ स्वच्छ, सफा खानेपानी व्यवस्थापनको लागि योजना बनाइ कार्यान्वयन गरिनेछ ।

२. खानेपानीको मूल, खोला, मुहान, सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न ताल, पोखरी र सिमसार क्षेत्रहरुको संरक्षण गरी त्यसलाई पर्यटकीय गन्तब्य स्थल बनाउने तथा व्यवसायिक रुपमा प्रवर्द्धन गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र विभिन्न उपभोक्ता समितिहरुले वितरण गरिरहेको निजी धाराको महसुलमा एकरुपता कायम गर्दै लगिनेछ ।

५. ट्यूवेलबाट पानी उपयोग गर्ने उपभोक्ताहरुको पानीको श्रोत, आइरन, आर्सेनिक लगायतका रासायनिक पदार्थहरुको परिक्षण गरी पानी पिउन योग्य नभएमा त्यस्ता पानीका श्रोतहरु बन्द गरी वैकल्पिक खानेपानीको श्रोतहरु व्यवस्थापन गरिनेछ ।

६. खानेपानी उपभोक्ता समिति, जल उपभोक्ता समिति लगायत यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई व्यबस्थित गर्ने, प्रभाबकारी बनाउने र उपभोक्ता मैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

७. कृषी क्षेत्रको विकासको लागि कृषि योग्य जमिनमा उपलब्धताका आधारमा सिंचाइको व्यवस्था गदै लगिनेछ ।

## ७. वातावरण र फोहोर व्यवस्थापन

१. नगर क्षेत्रको सरसफाईको लागि समय समयमा अभियानहरु संचालन गर्दै लगिनेछ ।

२. कलकारखाना, उद्योग व्यवस्था संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEA–Initial Environmental Assessment) तथा वातावरणीय प्रभाव परिक्षण (EIA) अनिवार्य रुपमा गरेर मात्र संचालन गर्नुपर्ने नीति लिइने छ ।

३. वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औधोगीक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतीका उद्योगहरुको संचालन गर्न पूर्णत निरुत्साहित गरिनेछ ।

४. "प्रदुषण गर्नेले तिर्नु पर्छ" भन्ने सिद्धान्त अनुरुप जवाफदेहि बनाई करको दायरामा ल्याईनेछ ।

५. नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनलाई प्राथमिता दिई व्यवस्थापन गरिनेछ । यसको लागि चालु आर्थिक वर्ष भित्र फोहोरमैला व्यवस्थापन स्थलको खोजि र सम्भाव्यता अध्ययन गरिनेछ ।

६. फोहोरजन्य पदार्थलाई वर्गीकरणका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७. फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रुपमा शौचालय र सेफ्टी ट्यांकको निर्माण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

८. नगर क्षेत्रभित्र छोडिने छाडा पशु चौपाया, सडक किनारामा पशु बाध्ने प्रणालीलाई निरुत्साहित गरिनेछ । सार्वजनिक स्थलमा छाडिएका छाडा पशुहरुलाइ नियन्त्रणमा लिइ कान्जी हाउसमा राखिने व्यवस्था गरिनेछ ।

९. वातावरण स्वच्छताका लागि सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने नीति लिइनेछ ।

१०. नगर क्षेत्रलाई चालु आ.व मा खुल्ला दिशामुक्त नगर घोषणा गरिनेछ । साथै पूर्ण सरसफाई यूक्त नगरको लागि सरसफाईका विशेष कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

११. सार्वजनिक स्थलमा सार्वजनिक शौचालयहरु निर्माण गर्दै लगिनेछ ।

१२. नगरपालिका क्षेत्र भत्र रहेको पूर्व पश्चिम लोकमार्गको सडक अधिकार क्षेत्रलाई सरसफाई गरि व्यवस्थापन गरिनेछ ।

## ८. <u>प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापन</u>

१. नगरको भूगोल नक्सा (Physical map) प्रकाशन गरी संभाव्य प्राकृतिक श्रोत र साधन, खानी तथा खनिज, जंगल, वन्यजन्तुको औपचारिक नक्सांकन गरिनेछ । साथै स्थानीय कच्चा पदार्थहरुको पर्याप्तताको आधारमा उद्योगको विस्तार र व्यवस्थापन गर्दै युवा रोजगारी प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२. वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरिनेछ ।

३. पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ ।

४. वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ ।

५. सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

## ९. पर्यटन प्रबर्द्धन

१. बेलबारी नगरपालिकालाई प्रर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

२. पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका होटल, लज, ट्राभल एजेन्सी लगायत व्यवसायीहरुसँग समन्वय गरि स्थानीय पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

३. आन्तरिक र बाह्य पर्यटकहरुसँग पर्यटन शुल्क उठाउन सकिने क्षेत्रहरु पहिचान गरि लागु गर्ने र सो बाट प्राप्त आम्दानी उक्त क्षेत्रहरुको विकास र प्रर्वद्धनको लागि मात्र निश्चित प्रतिशत खर्च गर्ने व्यवस्था मिलाइने छ ।

४. ऐतिहासिक, सांस्कृतिक, धार्मिक क्षेत्रहरुको पहिचान गरि त्यसको संरक्षण र प्रबर्द्धन गरिनेछ ।

५. कृषि, वाणिज्य, पर्यटन तथा शैक्षिक महोत्सव आयोजना गर्न संम्बद्ध विषयगत क्षेत्र आयोजक हुने संस्थालाई मात्र महोत्सव आयोजनाको अनुमति प्रदान गर्ने तर अन्य क्रियाकलापको लागि त्यस्तो मेला संचालनको लागि अनुमति नदिइने नीति लिइनेछ ।

६. पुरातात्विक महत्वका सम्पदाहरुको विशेष संरक्षण एवं् सम्वर्द्धन गर्न नगरवासीहरुको साझा पहिचान तथा संस्कृति झल्काउने खालको संग्रहालय चालु आर्थीक वर्षबाट नै निर्माण कार्य प्रारम्भ गरिनेछ ।

७. सिमसार क्षेत्रमा प्रर्यटन प्रर्बधनका कार्यकमहरु निर्माण र संचालन गरिनेछ ।

८. सार्वजनिक स्थलहरुको पहिचान गरि सार्वजनिक पार्कहरु निर्माण गरिनेछ ।

९. स्थानीय स्तरमा बाल उद्यानहरुको निर्माण गरिनेछ ।

## १०. शान्ति सुरक्षा

१. नगर भित्र शान्ति सुरक्षा कायम गर्नका लागि नगर प्रहरी र सुरक्षा निकायसँग समन्वय गरिनेछ ।

२. नगर भित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन गर्न नगर प्रहरी र सुरक्षा निकायँग समन्वय गरिनेछ ।

३. बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाँउहरु पहिचान गरी उक्त स्थानहरुमा विशेष निगरानीको व्यवस्था मिलाइनेछ । नगरका मुख्य-मुख्य स्थान, चौक र धार्मिक ऐतिहासिक स्थलहरुमा सि.सि.क्यामरा मार्फत निगरानी हुने व्यवस्था मिलाइनेछ । यसको लागि चालु आ.व मा पूर्व पश्चिम लोकमार्गमा सि.सि. क्यामरा जडान गरिनेछ ।

४. सबै प्रकारका लागू औषध तथा दुर्व्यासनी र मादक पदार्थ सेवनलाई निरुत्साहित गरिनेछ ।

५. शैक्षिक संघसंस्था तथा ऐतिहासिक, धार्मिक स्थलहरुको ५०० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरुको बिक्री वितरण र सेवनमा पूर्णतः रोक लगाइनेछ । साथै उक्त क्षेत्रहरुमा जङ्क फूट विक्रि वितरणलाई निरुत्साहित गरिनेछ ।

६. १८ वर्षभन्दा मुनिका बालबालीकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा बिक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र उक्त समूहका बालबालिकाहरुलाई विक्री वितरण गर्ने व्यापारिहरुलाई दण्डित गरिनेछ ।

## ११. पूर्वाधार विकास

१. पूर्वाधार विकासका निमित्त सामाजिक, आर्थिक, भौगोलिक तथा वातावरणको असरको सम्बन्धमा अध्ययन गर्न प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव परिक्षणलाई अवस्था अनुसार अनिवार्य गराइनेछ ।

२. भौतिक पूर्वाधारहरु निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न कडाइका साथ अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।

३. भौतिक पूर्वाधारहरु विकास तथा निर्माण गर्ने क्रममा हुने विलम्ब तथा ढिलासुस्ती र व्यवधानहरुलाई हटाउने कार्यमा पूर्वाधार विकास समिति मार्फत गरी त्यसको प्रभावकारी अनुगमन गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधारका योजनाहरुको प्राथमिकता निर्धारण गरी क्रमागत रुपमा निर्माण तथा विकास गरिनेछ ।

५. उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिला सुस्ती गर्ने, गुणस्तरहिन कामगर्ने उपभोक्ता समिती र निर्माण व्यवसायीलाई दण्डीत गरिने, कालोसुचिमा राख्ने, भविष्यमा कुनै यस्तो कार्य गर्न अयोग्य ठहराउन सक्ने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत नियमन गरिनेछ ।

६. नगरपालिका क्षेत्रभित्र निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरु महिला मैत्री, नागरिक मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री र बालमैत्री बनाइनेछ ।

७. ठूलो, मझौला, साना तथा नगरस्तरीय विकासका पूर्वाधारहरुका लागि केन्द्रिय स्तरको बजेटमा र प्रदेश स्तरको बजेटमा पारी भौतिक पूर्वाधार विकास र निर्माण गर्न आवश्यक समन्वय र अग्रसरता लिइनेछ ।

८. पूर्वाधार विकासमा लागत साझेदारीलाई बढवा दिदै विकासमा उपभोक्ताको आयोजना प्रतिको अपनत्व वढाउनको लागि कालेपत्रे तथा ढल निकासको हकमा आयोजनाको लागत अनुमानको न्यूनतम ४० प्रतिशत र अन्य पुर्वाधारको हकमा न्युनतम ३० प्रतिशत लागत साझेदारीको नगदै रकम नगरपालिकाको संचित कोषमा अनिवार्य जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

९. लागत सहभागिता जुटाउन नसक्ने पूर्वाधार विकासका योजनाहरुमा ग्राभेल तथा माटोको कामको हकमा कुल लागतको न्यूनतम २० प्रतिशत र संरचना निर्माणको हकमा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य जुटाउने व्यवस्था गरिएको छ ।

१०. तोकिएको लागत सहभागिता र जनसहभागीतामा सहभागी नहुने उपभोक्ताहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुमा रोक लगाइने नीति लिइनेछ ।

## १२. सूचना सम्बन्धी व्यवस्था

१. सूचनाको हक सुनिश्चित गर्न नगरपालिकाले सूचना प्रवाह गर्न निम्न बमोजिम माध्ययमहरु प्रयोग गर्नेछ ।

- हरेक वडा कार्यालयमा र आवश्यकता अनुरुप अन्य स्थलहरुमा सूचना पाटीको व्यवस्था गरिनेछ ।
- सामाजिक सन्जाल, वेबसाइट लगायत विधुतिय माध्ययमको प्रयोग गरिनेछ ।
- स्थानिय तहका विषयगत क्षेत्रहरुलाई सूचनामैत्री बनाइनेछ ।
- नगरपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सेवाग्राहीहरुको गुनासो व्यवस्थापनको लागि गुनासो पेटीकाको व्यवस्थाको साथै गुनासाहरुको सम्बोधन गरिने समुचित व्यवस्थापन गरिनेछ ।

२. नगरपालिकामा एकजना छुट्टै सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष मार्फत नगरवासीहरुलाई सूचना अधिकारीको हैसियतमा सूचना प्रदान गर्ने कार्य गरिनेछ ।

३. नगरपालिकाको सम्पूर्ण क्षेत्रहरुमा आवश्यक पर्ने सञ्चारका माध्यमको पहूँच स्थापना गरिनेछ ।

४. नगरपालिकाले आफुले संचालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहको तेश्रो पक्ष मार्फत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ । साथै विषयगत क्षेत्रवाट संचालन भएको सेवा र कार्यक्रमहरुको समेत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाइनेछ ।

९. नगरपालिकाको गतिविधीहरु नगरपालिकाको आफनै वेवसाइट (www.belbarimun.gov.np) मार्फत प्रवाह गरिनेछ ।

७ नगरपालिकाले सम्पादन गर्ने गतिविधिहरुको आवधिक रुपमा गतिविधिहरु संचारका विभिन्न माध्यमकद्धारा प्रशारण गरिने व्यवस्था मिलाइनेछ ।

## १३. गैर सरकारी संस्था र सहकारी

१. हाल संचालनमा रहेका र अब संचालनका लागि अनुमति लिने गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी सस्थाले नगरपालिकामा दर्ता अनुमति लिनु पर्नेछ । यसको लागि नगरपालिकाबाट नियम एंव कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

२. नगर भित्र दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी सस्थाको नियमन, खारेजी र बिघटन नगरपालिका मार्फत गरिनेछ ।

३. नगरक्षेत्र भित्र कार्य गर्न चाहने गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरुले आफ्नो कार्यक्रम र बजेट नगरसभा बाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यबस्था मिलाईनेछ ।

४. विकासका साफ्ेदार संस्थाहरुबाट साफ्ेदारीमा संचालन गरिने नगरस्तरीय योजनालाई प्रभावकारी तथा नतिजामुखी बनाई कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

५. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारी संस्था लाई क्रियाशिल तुल्याई सो क्षेत्रमा कार्य गर्न ऋण प्रदान गर्न प्रोत्सहान गरिनेछ ।

६. नगरपालिका क्षेत्रभित्र संचालन भएका सहकारी संस्थाहरुको अध्ययन, अनुसन्धान गरि सो को अभिलेख गरिनेछ ।

७. सहकारीको क्षमता अभिबृद्धि गर्न तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ ।

८. महिला, गरिब, सिमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएको वर्ग र श्रमिकहरुको साथै आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुच आभिबृधि गरिनेछ ।

९. नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुबाट सहकारी बैकंको स्थापना गर्न पहल गरिनेछ ।

१०. नगरपालिकाले समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय संचालन गर्न प्रेरित गरिनेछ ।

११. सहकारी सस्थाले सदस्य केन्द्रित भई आफ्नो कारोबार गर्नु पर्ने र तोकिएको क्षेत्रधिकार भन्दा बाहिर गई कारोबार गर्न रोक लगाई त्यसको प्रभावकारी अनुगमन गरिनेछ ।

१२. कानुन बमोजिम कार्य नगरेका सहकारी सस्था माथी निरिक्षण गर्ने र कारबाहीको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ ।

## १४. तथ्याङ्क

१. स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ ।

२. आफनो क्षेत्रभित्र रहेको जनसंख्या भाषा , संस्कृती , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पती रोजगार, संचार र सुकुम्बासी जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गरि अभिलेखिकरण गरिनेछ ।

३. जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्य रुपमा दर्ता गरि अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्याङकहरुको विश्षलेषण गरि योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

४. न्यायिक समितिबाट भएको निर्णयको लगत, व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ।

५. न्यायिक आभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको व्यवस्था गरिनेछ ।

## १५. घरनक्सा सम्बन्धमा

१. नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी, सर्वजनिक तथा सरकारी भवनहरु नगरपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई कडाइका साथ पालना गरिनेछ ।

२. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०६० लाई पूर्णतः पालना गराइनेछ ।

३. बेलबारी नगरपालिका घोषणा हुनु पूर्व साविक गा.वि.स. डागीहाट र बाहुनी क्षेत्रभित्र निर्माण भएका घरहरुलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको दायरामा ल्याइनेछ ।

४. भवन निर्माण नक्सा पास गर्दा अनिवार्य रुपमा एक घर दुई विरुवा रोप्ने परिपाटीको थालनी गरिने तथा गराइनेछ ।

५.	भवन सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ ।

६.	साविक बेलबारी नगरपालिकामा घोषणा हुँदाको क्षेत्रका भवनहरु र वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण सम्बन्धी मापदण्ड, २०७२ लागु हुनु पूर्व निर्माण भई सकेका भवनहरुको नक्सा अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ । त्यस्ता मापदण्ड पुरा नभएका, साविक निर्माण भई सकेका भवनहरुलाई नगरकार्यपालिको बैठकबाट आवश्यक प्रकृया तोकि अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

७	स्थानीय स्तरमा भवन तथा पूर्वाधार निर्माण कार्यमा टेवा पुगोस भन्ने उद्देश्यले भवन निर्माण तथा पूर्वाधार निर्माण सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।

## १६ राजस्व अभिबृद्धि

१.	करका दरहरुलाई समय सापेक्ष परिमार्जन गदै लगिनेछ ।

२.	करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ । यसको लागि चालु आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिबृद्धि सुझाव तथा कार्यदल बनाई कार्य गरिनेछ ।

३.	एकिकृत सम्पती कर लागु नभएका वडाहरुमा समेत आगामी आर्थिक वर्ष २०७५।०७६ देखि अनिवार्य रुपमा एकिकृत सम्पती कर लागु गरिनेछ । यसको लागि एक कार्यदल गठन गरि कार्य प्रारम्भ गर्नुको साथै एकिकृत सम्पती कर लागु भएको क्षेत्रको समेत एकिकृत सम्पती कर प्रयोजनको लागि गरिएको वर्गिकरण र मुल्याङकनलाई पूर्नमुल्याङकन गरि आगामी आर्थिक वर्ष देखि सोहि बमोजिम लागु गरिनेछ ।

४.	घर बाहल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रुपमा विकसित गरि बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनाको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरि नगरकार्यपालिकाले तोकिएको दरमा बहाल कर लिइनेछ ।

५.	नगरपालिकालाई आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

## १७ न्यायिक कार्य सम्बन्धी

१.	न्यायिक समितिले कानून बमोजिमको विवादहरुमा न्याय निरुपण सर्वसम्मत गर्ने, नभएमा बहुमतको राय अनुसार न्याय समितिको निर्णय हुनेछ ।

२.	विवादको सम्बन्धमा न्यायकर्ता सदस्यहरुको कुनै पनि प्रकारको स्वार्थ रहेमा त्यस्तो व्यक्तिले विवादको कार्वाही किनारा लगाउन पाउने छैन ।

३. विवादको निरुपण गर्दा सम्भव भए सम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतीमा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।

४. न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि त्यस समितिका सदस्यहरुलाई न्युनतम पुर्पक्ष र कार्यविधी एवं् अधिकारको अनुशिक्षण तलिमको व्यवस्था गरिनेछ ।

५. न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै कानूनी शाखा र कानुनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई कार्यान्वयन गरिनेछ ।

६. न्यायिक समितिले मुद्दा तथा विवादको सुनुबाइको क्रममा आबश्यकता अनुसार सम्बन्धित बिज्ञ र सरोकारवालाहरुको साहयता लिन सकिनेछ ।

**१८ <u>व्यापार तथा वाणिज्य</u>**

१. नगर क्षेत्रमा रोजगारी प्रर्वद्धन गर्नका लागि औधोगिक क्षेत्रको स्थापन गरि स्वदेशी लगानीकर्त्तालाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।

२. बेलबारी नगरपालिकाले स्थानीय स्तरमा सन्चालन भईरहेका र हुने क्रममा रहेको व्यवसायहरुको दर्ता, नविकरण, खारेजी र विघटन गर्न सक्नेछ ।

३. दर्ता भएका व्यवसायलाई अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

४. स्थानीय स्तरको व्यवसाय बाट उत्पादित वस्तुहरु उपभोक्ताको हकहित अनुसार भए नभएको रेखदेख, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।

५. स्थानीय स्तरमा रहेका बौद्धिक सम्पत्तिको संरक्ष्ण गरिनेछ ।

६. स्थानीय स्तरमा स्थापना भएको व्यवसायहरुको तथ्याङ्क संङ्कलन दुरुस्त गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

७. स्थानीय स्तरमा उत्पादन भएको वस्तुहरुको वर्गिकरण गरी त्यसको प्रर्वद्धन एंव् व्यवसायिक उत्पादनमा प्रोत्साहन गर्न आवश्यक कार्यहरु संन्चालन गरिनेछ ।

८. व्यवसाय वा व्यापारको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गरी सो सँग सम्बन्धित विवरणहरु माग गर्न सक्ने व्यवस्था गरिनेछ ।

९. नगरपालिकाले बजार तथा हाटबजारको व्यवस्थापन, अनुगमन तथा निरिक्षण गर्ने प्रबन्ध गरिनेछ ।

१०. स्थानीय स्तरको वस्तु तथा वस्तुको मुल्यनिर्धारण गरी सोको गुणस्तरको जांचबुझ तथा अनुगमन गर्ने प्रबन्ध गरिनेछ ।

११. उपभोक्ता हितलाई ध्यामा राखी बजार क्षेत्रहरुमा नियमित रुपमा बजार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. दर्ता भएका इजाजत प्राप्त व्यवसायिक फर्महरुले प्रत्येक वर्ष नगरपालिकामा नविकरण गर्नुपर्ने व्यवस्था लागु गरिएको छ ।

## १९. सुशासन सम्बन्धी

१. नगरपालिकाबाट प्रवाह भएका सेवाहरुमा सम्पादन हुन नसकेका कार्यहरुको हरेक दिन सेवाग्राही बाट पृष्ठपोषण लिने व्यवस्था मिलाई त्यसको सुनुवाईको व्यवस्था मिलाइनेछ ।

२. नगरपालिका क्षेत्रभित्र सरकारी कार्यालय तथा संस्थानहरुबाट भएको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शिता र प्रभावकारी रुपमा संचालन गर्न गराउन प्रेरित गर्दै अनुगमन समेत गरिनेछ ।

३. नगरपालिकाबाट प्रदान हुने सेवाहलाई पारदर्शी जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंङ्गिक उत्तरदायी बजेट निर्माण र  विश्लेषण जस्ता विधि अपनाईनेछ ।

४. सूचना अधिकारी मार्फत मात्र सूचना उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५. सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिलाउन नागरिक बडापत्रमा समयसापेक्ष परिमार्जन गरी सेवा प्रवाह गरिनेछ ।

६. पत्रकारिता विकासका लागि विशेष ध्यान दिईनेछ ।

७. नगर कार्यपालिकाका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम गोष्ठी तथा अध्ययन भ्रमणको आयोजना गरिनेछ ।

८. नियमित रुपमा गुनासो पेटिका खोली प्राप्त गुनासालाई सम्बोधन गरिनेछ ।

९. वित्तीय प्रणालीत थायोजना व्यवस्थापन प्रक्रियालाई कम्प्युटराइज्ड प्रविधिमा संचालनलाई निरन्तरता दिईनेछ ।

१०. सार्वजनिक खरिदलाई थप व्यवस्थित र पारदर्शी बनाउन ठूला खरिद तथा निर्माण कार्यमा E-bidding प्रणालीलाई निरन्तरता दिइनेछ ।

११. नगर कार्यपालिकाका निर्णयहरु वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।

१२. विकास निर्माणमा नगरमा सक्रिय संघसंस्था विषयगत कार्यालयहरु र विकास साझेदारहरुको गतिविधिहरुलाई समन्वय गर्न वेभमा आधारित आयोजना लगानी विवरण संकलन नीति लिईनेछ ।

१३. सुशासन प्रर्वधनको लागि क्षेत्रगत रुपमा सम्पर्क व्यक्ति तोकी क्षेत्रगत सूचना उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१४. सेवाग्राहीमैत्री सुशासनको लागि शोधपुछ कक्ष, सहायता कक्ष तोकि सेवालाई प्रवाभकारी बनाइनेछ ।

१५. नगरकार्यपालिकाको बैठकको निर्णयहरुलाई प्रवक्ता माफत जानकारी गराइनेछ ।

१६. सेवाग्राहीको गुनासो व्यवस्थापनको लागि सबै राष्ट्रसेवक कर्मचारीहरुलाइ जिम्मेवार बनाइनेछ ।

१७. योजना कार्यान्वयन कार्यविधि, उपभोक्ता समिति गठन र परिचालन सम्बन्धी कार्यविधि, शिक्षा नियमावली, स्वास्थ्य संस्था संचालन र व्यवस्थापन कार्यविधि आदी क्षेत्रगत नियमावली र कार्यविधिहरु बनाइ प्रभावकारी बनाइनेछ ।

१८. पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरुलाई सम्मान साथै पुरस्कृत गरिनेछ ।

१९. उत्कृष्ट काम गर्ने उपभोक्ता समितीलाई पुरस्कृत गरिनेछ ।

**अध्यक्ष महोदय,**

**अब म बजेटको विवरण प्रस्तुत गर्दछु ।**

बेलबारी नगरपालिकाको गत आर्थिक २०७३/७४ को आन्तरिक तर्फ रु. ३ करोड ४८ लाख २१ हजार १ सय ५३ रुपैया ९५ पैसा र बाह्य तर्फ रु. २० करोड १७ लाख ४३ हजार २ सय ८५ रुपैया ९७ पैसा गरी कुल यथार्थ आम्दानी रु. २३ करोड ६५ लाख ६४ हजार ४ सय ३९ रुपैया ९२ पैसा रहेको थियो । चालु आर्थिक वर्ष २०७४/७५ मा आन्तिरक आय तर्फ रु. ६ करोड ५१ लाख ९९ हजार ९ सय ५४ रुपैया ९९ पैसा र बाह्य श्रोत तर्फ रु. ५९ करोड ५२ लाख ८२ हजार २ सय ७३ रुपैया ९३ पैसा गरी कुल बजेट रु. ६६ करोड ४ लाख ८२ हजार २ सय २८ रुपैया ९२ पैसा को बजेट अनुमान गरिएको छ । आर्थिक वर्ष २०७३/७४ को खुद आम्दानीको तुलनामा चालु आर्थिक वर्ष २०७४/७५ मा १७९.२० प्रतिशतले प्रस्तावित बजेट बृद्धिको अनुमान गरिएको छ ।

अब म चालु आर्थिक बर्षको लागि प्रस्ताव गरिएको आय-व्यय प्रस्तुत गर्दछुः

बेलबारी नगरपालिकाको चालु आर्थिक बर्ष २०७४/७५ को लागि कुल बजेट रु.६६ करोड ४ लाख ८२ हजार २ सय २८ रुपैमा ९२ पैसा मात्र विनियोजन प्रस्ताव गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु.४० करोड ८१ लाख ६ हजार ३ सय ४ रुपैया ५९ पैसा र पूँजिगत तर्फ रु.२५ करोड २३ लाख ७५ हजार ९ सय २४ रुपैया ३३ पैसा रहेको छ । चालु खर्च तर्फ प्रशासनिक खर्च मात्र रु. ७ करोड ४३ लाख ७२ हजार ३ सय ८७ रुपैया रहेको छ भने कार्यक्रम खर्च तर्फ रु. ३३ करोड ३७ लाख ३३ हजार ९ सय १७ रुपैया ५९ पैसा रहेको छ । कुल बजेटको खुद प्रशासनिक खर्च ११.२६ प्रतिशत,

कार्यक्रम खर्च तर्फ ५०.५३ प्रतिशत र पुँजिगत खर्च तर्फ ३८.२१ प्रतिशत बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

स्थानीय तहको पूर्नसंरचना पश्चात बेलबारी नगरपालिका ११ वटा वडा कायम भई आएको प्रत्येक वडाहरुबाट छनौट भई आएको योजना र कार्यक्रमहरु साथै विषयत क्षेत्रहरु समेत समेटी आर्थिक वर्ष २०७४/७५ को लागी योजना तथा कार्यक्रमहरु छनोट गरी अनुसुचि १ मा संलग्न गरिएको छ । विनियोजित विषयगत समिति अनुसारको बजेट संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

आर्थिक विकास समिति तर्फ रु. १ करोड ४७ लाख ११ हजार ५ सय ७० रुपैया विनियोजन प्रस्ताव गरिएको छ । जुन कुल बजेटको २.२३ प्रतिशत हुन आउँछ । यस कार्यक्रम अन्तर्गत वडागत कार्यक्रमका साथै पशु विकास तथा कृषि विकास समितिको समेत बजेट तथा कार्यक्रम समावेश गरिएको छ ।

पूर्वाधार विकास समिति तर्फ रु. १७ करोड २४ लाख १५ हजार ९ सय ९० रुपैया विनियोजन प्रस्ताव गरिएको छ । जुन कुल बजेटको २६.२७ प्रतिशत हुन आउँछ । यस कार्यक्रम अन्तर्गत वडागत तथा नगरस्तरीय पूर्वाधार विकासका कार्यक्रम समावेश गरिएको छ ।

वन वातावरण तथा विपद् व्यावस्थापन समिति तर्फ रु. ३ करोड २२ लाख ८६ हजार ८ सय २० रुपैया विनियोजन प्रस्ताव गरिएको छ । कुल बजेटको ४.८९ प्रतिशत रकम यस समिति अर्न्तगत विनियोजन गरिएको छ । यस कार्यक्रम अन्तर्गत वडागत कार्यक्रम, वन तथा वातावरण कार्यक्रम, वातावरण मैत्री साथै विपद् व्यास्थापन को रकम विनियोजन गरिएको छ । नगरपालिकाको भौगोलीक कठिनाईलाई मध्यनजर गर्दै विभिन्न समयमा परि आउने विपद्को जोखिमलाई न्यूनिकरण गर्न सहजता होस भन्ने उद्देश्यले विपद् व्यवस्थापनको लागी मात्र रु ३० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

सार्वजनिक सेवा तथा क्षमता विकास समिति तर्फ रु १ करोड ३४ लाख १३ हजार ५ सय रुपैया विनियोजन प्रस्ताव गरिएको छ । कूल बजेटको २.०३ प्रतिशत बजेट हुन आउने यस कार्यक्रम अर्न्तगत वडागत कार्यक्रम, जनप्रतिनिधीहरुको क्षमता विकास, कर्मचारीहरुको क्षमता विकास तथा सस्थागत सुधारका कार्यक्रमहरु समावेश गरिएको छ ।

सामाजिक विकास समिति तर्फ रु. ४१ करोड ४७ लाख २९ हजार ८ सय ४ रुपैया वजेट विनियोजन प्रस्ताव गरिएको छ । कुल बजेटको ६२.७९ प्रतिशत बजेट विनियोजन गरिएको यस समिति अर्न्तगत सामाजिक सुरक्षा भत्ता, शिक्षा, जनस्वास्थ्य, महिला विकास, आर्युर्बेद लगायत सम्पुर्ण लक्षित वर्ग समेतको कार्यक्रमहरु समावेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

१. साविक बेलबारी नगरपालिकाको चौथो नगरपरिषद्सम्म नगरपालिकाको सञ्चालन र व्यवस्थापनका लागि भएका निर्णयहरु, विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, सहिंता, संशोधन वा सुधार वा खारेजी नभएसम्मका लागि सोही बमोजिम कार्यान्वयनमा लैजाने प्रस्ताव स्वीकृतिका लागि पेश गरेको छु ।

२. आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, आर्थिक विधेयक, २०७४ विनियोजन विधेयक, २०७४, वार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूची १, नगरपालिकाको साँगठानिक ढाँचा अनुसूचि २ र कर्मचारी दरबन्दी संरचना अनुसूचि ३ समेत यसै साथ समावेश गरी सभा समक्ष पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

**सभासदस्यज्यूहरु**

नगर विकास योजनालाई स्वीकृतिका लागि नगरसभामा पेश गर्ने क्रममा वस्ती तह, वडासमिति, वडावासी, नगरमा क्रियाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु, नागरिक समाज, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, बेलबारी नगरकार्यपालिका परिवार, नगरकार्यपालिकाको कार्यालय परिवार लगायत सम्बद्ध पक्षले पुऱ्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदाँ सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसका साथै योजना तर्जुमा प्रक्रियामा जसरी यहाँहरुको साथ सहयोग रहेको छ आगामी योजनाहरुको सफल कार्यान्वयनको लागि समेत सहयोगको अपेक्षा गर्दछु ।

अन्तमा बेलबारी नगरपालिकाले यस सभासमक्ष प्रस्तुत गरेका नीति तथा कार्यक्रमलाई स्वीकृत गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद
श्री ढाका कुमारी पराजुली
उप -प्रमुख
बेलबारी नगरपालिका
बेलबारी मोरङ